# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।०४ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

------------------------------------------------------

अमर उच्च मा.वि., दोहरी मझौलिया, बाराका प्राचार्य रही शिक्षा सेवा आयोगका सदस्य समेत भएका योगेन्द्र प्रसाद राउतले नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी शिक्षक सेवा आयोगको सदस्यको रुपमा नियुक्ति लिएको भन्ने उजुरीको आधारमा अनुसन्धान तथा छानविन हुँदा निज योगेन्द्र प्रसाद राउतले नेपाल सरकारको शिक्षक सेवा आयोगको सदस्यको राष्ट्रसेवक पदमा नियुक्ति पाउने, बहाल रहने र सो हैसियतले लाभ तथा सुविधा पाउने उद्देश्यले वी. आर. अम्वेदकर बिहार विश्वविद्यालय, मुजफ्फरपुर भारतबाट M.A. उत्तिर्ण गरेको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी ओहोदा तथा लाभ सुविधा लिई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निज योगेन्द्र प्रसाद राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौंमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी